# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २१ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले सीमापारबाट आतंककारीहरू घुसपैठ गर्ने सम्भावनालाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय सीमावर्ती गाउँहरूमा सतर्कता अप्नाउन राज्य पुलिसलाई निर्देशन दिनु भएको छ।

२. कोलकाताको आकाशमा रातको समय धेरै अनजान उड्न वस्तु देखिएपछि खैलाबैला मच्चियो। केन्द्र सरकारले यस घटनामा पश्चिम बंगाल सरकारबाट विस्तृत रिपोर्ट मागेको छ।

३. पश्चिम बंगालमा २२ मईदेखि गैर-सरकारी बस युनियनहरूले आह्वान गरेको तीन दिने बस हडताल फिर्ता लिइएको छ।

४. ईण्डियन गोर्खा जनशक्ति फ्रण्टका वरिष्ठ नेता तथा सदस्यहरूसहित संयोजक अजय एडवर्ड्सद्वारा मदन तामाङको १५ औं पुण्यतिथिमा श्रद्धासुमन अर्पण गरेका छन्।

५. कालेबुङ पुलिसले एक संदिग्ध बङ्ग्लादेशी व्यक्तिलाई पक्राउ गरेको छ।

**मुख्यमन्त्री ममता ब्यानर्जी - सिलगढी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज राज्य पुलिसलाई कडा निर्देशन दिंदै भन्नु भयो, सीमापारबाट आतंककारीहरू घुसपैठ गर्ने सम्भावनालाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय सीमावर्ती गाउँहरूमा सतर्कता अत्यन्त आवश्यक छ। उहाँले भन्नु भयो, आतंककारीहरूले राज्यमा शरण लिने मौका नपाऊन् भनेर पुलिसले सबै परिस्थितिमा सतर्क रहनुपर्नेछ। आज सिलगढीमा आयोजित प्रशासनिक समीक्षा बैठकलाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्रीले भन्नु भयो, "बाहिरबाट मानिसहरू स्वतन्त्र रूपमा भित्र पसिरहेका छन् र स्थानीय मानिसहरूको आधार र मतदाता परिचयपत्र विवरण सङ्कलन गरिरहेका छन्। हाम्रो पार्टीसँग सम्बन्धित धेरै व्यक्तिहरूसँग यस्तो भएको छ। बाहिरी घुसपैठ गर्ने व्यक्ति यहाँ आएर लुक्न नपरोस् भनेर पुलिस सतर्क रहनुपर्छ।" सुश्री ममता बनर्जीले झारग्राम, मालदा, कुचबिहार र डायमंड हार्बर जस्ता क्षेत्रहरूमा यस्ता धेरै घटनाहरू प्रकाशमा आएको जानकारी दिनु भयो, जहाँ असामाजिक तत्वहरूले स्थानीय मानिसहरूको परिचयपत्र जालसाजीपूर्वक खोसेका छन्। उहाँले भन्नु भयो, "यी घटनाहरूमा पुलिसले कारबाही गरेको छ, तर आम जनता पनि होसियार हुनुपर्छ। अपरिचित व्यक्तिको पहिचान प्रमाणित नगरी आफ्नो कागजात नदिनुहोस्।"मुख्यमन्त्रीले पुलिसलाई आ-आफ्नो क्षेत्र, विशेष गरी संवेदनशील सीमा क्षेत्रमा नियमित गस्ती गर्न निर्देशन दिनु भएको छ। उहाँले भन्नु भयो, ‘‘जति धेरै गस्ती हुन्छ, मानिसहरूमा पुलिस सतर्क छ भन्ने विश्वास त्यति नै बढी हुन्छ।’’उहाँले भन्नुभयो, उत्तर बंगालको अन्तर्राष्ट्रिय सीमा अत्यन्तै संवेदनशील रहेको पनि चेतावनी दिनु भयो। सीमावर्ती गाउँहरूमा तैनाथ पुलिस थानाहरूले सीमा सुरक्षा बल त्यहाँ तैनाथ छ भनेर लापरवाही गर्नु हुँदैन।

**मुख्यमन्त्री ब्यानर र फ्लेक्सहरू च्यातेको आरोप**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको उत्तर बंगाल भ्रमणको क्रममा शहरका विभिन्न सडकहरूमा ब्यानर र फ्लेक्सहरू टाँसिएका छन्। भाजपामाथि उक्त ब्यानर-फ्लेक्स च्यातेको आरोप लागेको छ। यस घटनाको विरोधमा, दार्जिलिङ जिल्ला तृणमूल कांग्रेस शिक्षा सेलले आज सिलगढी पुलिस थानामा लिखित उजुरी दर्ता गरेको छ।

तृणमूल कांग्रेस शिक्षा सेलले यस घटनामा भाजपा कार्यकर्ता र समर्थकहरू संलग्न रहेको दाबी गरेको छ। शिक्षा सेलका सदस्यहरूले घटनाको सीसीटीभी फुटेजको तत्काल अनुसन्धान गर्न पुलिससँग माग गरेका छन्। दोषीहरूलाई चिन्हित गरेर कडाभन्दा कडा सजाय दिने मांग गरिएको छ। प्रशासनले आगामी दिनहरूमा तृणमूल मात्र नभई कुनै पनि राजनीतिक दलको झण्डा वा ब्यानर यसरी च्यात्नु नपरोस् भन्ने कुरा सुनिश्चित गर्नुपर्ने पनि मांग गरिएको छ।

## राजीव गान्धीलाई श्रद्धाञ्जलि - मुख्यमन्त्री

देशका सबैभन्दा युवा प्रधानमन्त्री रहेका राजीव गान्धीको 34 औं पुण्यतिथिमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले उनलाई स्मरण गर्दै श्रद्धाञ्जलि अर्पण गर्नु भएको छ। उहाँले ट्वीटमा भन्नु भयो- "पूर्व प्रधानमन्त्री राजीव गान्धीजीको पुण्यतिथिमा उनलाई सादर नमन। राजीवजी एकजना दूरदर्शी नेता तथा भारतका लागि शहीद थिए।" उल्लेखनीय छ, पुण्यतिथिको अवसरमामा देशभरि नै कंग्रेस कार्यकर्ताहरूसहित तमाम मानिसहरूले राजीव गान्धीलाई श्रद्धापूर्वक स्मरण गरिरहेका छन्।राजीव गान्धीको जन्म 20 अगस्त, 1944-मा मुम्बईमा भएको थियो। उनी पूर्व प्रधानमन्त्री इन्दिरा गान्धी र फिरोज गान्धीका पुत्र थिए भने भारतका पहिलो प्रधानमन्त्री जवाहरलाल नेहरूका नाति थिए। पाइलटको रूपमा करियर शुरू गर्ने राजीव गान्धी आफ्ना भाइ सञ्जय गान्धीको 1980 सालमा मृत्यु भएपछि राजनीतिमा प्रवेश गरेका थिए। इन्दिरा गान्धीको हत्या भएपछि 1984 सालमा मात्र 40 वर्षको उमेरमा उनी देशका प्रधानमन्त्री भए। उनको कार्यकाल 1984-1989 सम्म रह्यो| 21 मई, 1991-मा तमिलनाडुको श्रीपेरंबदूरमा आयोजित एक चुनावी सभा अवधि लिट्टे (एलटीटीई)- की महिला आत्मघाती आक्रमणकारीले राजीव गान्धीको हत्या गरिदिएकी थिई।

## कोलकाताको आकाशमा ड्रोन जस्तो देखा परे

कोलकाताको आकाशमा रातको समय धेरै अनजान उड़न वस्तु देखिएपछि खैलाबैला मच्चियो। यी वस्तुहरू ड्रोन जस्तो देखा परिरहेका थिए अनि शहरका धेरै महत्वपूर्ण क्षेत्रहरूमाथि उड़िरहेका थिए। यस घटनालाई लिएर सुरक्षा एजेन्सीहरू सतर्क भएका छन् र जासूसीको आशंकाको मध्यनजर जाँच शुरू गरिएको छ। रक्षा मन्त्रालयका प्रवक्ताले यसबारे भन्नुभयो, वास्तविकता के हो, अहिले स्पष्ट भएको छैन, पुलिससित लगातार सम्पर्क राखिएको छ। पुलिस अधिकारीहरू अनुसार, यी ड्रोनहरूको संख्या लगभग आठदेखि 10 बीच थियो र यो महेशतला (दक्षिण 24 परगना) तिरबाट आएको देखियो। यी वस्तुहरू विद्यासागर सेतु, मैदान र विजय द्वार (फोर्ट विलियम) जस्ता संवेदनशील क्षेत्रहरूमाथि उड़ेर गयो। फोर्ट विलियम पूर्वी कमान मुख्यालय भएको कारण सुरक्षाको दृष्टिले अत्यन्तै संवेदनशील क्षेत्र मानिन्छ।
यी ड्रोनहरूलाई पछि शहरका पूर्वी हिस्सा, पार्क सर्कस क्षेत्रमाथि पनि देखियो, तर केही बेरपछि अचानक हरायो। मामिलाको गम्भीरताको मध्यनजर कोलकाता पुलिसको डिटेक्टिव डिपार्टमेन्ट र स्पेशल टास्क फोर्स (एसटीएफ) ले संयुक्त जाँच शुरू गरेको छ।एक वरिष्ठ राज्य अधिकारीले भन्नु भयो, केन्द्र सरकारले यस घटनामा पश्चिम बंगाल सरकारबाट विस्तृत रिपोर्ट मागेको छ। जाँच एजेन्सीहरूले पनि सम्भावित पहलुहरूलाई ध्यानमा राखेर जाँच गरिरहेका छन्, जसमा जासूसीको आशंकालाई पनि सामेल गरिएको छ।

## बस हडताल फिर्ता

पश्चिम बंगालमा २२ मईदेखि गैर-सरकारी बस युनियनहरूले आह्वान गरेको तीन दिने बस हडताल फिर्ता लिइएको छ। आज कोलकाताका पुलिस आयुक्त मनोज कुमार वर्मा र यातायात सचिव सौमित्र मोहनसँग बस युनियनका प्रतिनिधिहरूको बैठकमा गतिरोध समाधान भएको थियो।प्राप्त जानकारी अनुसार, तीन दिने बस हडताल हाललाई स्थगित गरिएको छ। बस व्यवसायीहरू वार्ताबाट समस्या समाधान भएको बताउँछन्। यदि परिस्थिति परिवर्तन भएन भने, अर्को हडतालको सम्भावना कायमै छ।उल्लेखनीय छ, बस मालिकहरूको संयुक्त संगठनले भोलि अर्थात् २२ मईदेखि २४ मईसम्म ७२ घण्टाको निरन्तर हडतालको आह्वान गरेको थियो। बस हडतालको आह्वानका बारेमा बस मालिक संगठनहरूले यातायात विभागसँग पटक-पटक बैठक बसे पनि कुनै समाधान ननिस्किएको बताएका छन्। अन्ततः लालबजारस्थित कोलकाता पुलिस मुख्यालयमा छलफलपछि समाधान निस्किएको बताइएको छ।

**मदन तामाङको पुण्यतिथिमा श्रध्दाञ्जली**

ईण्डियन गोर्खा जनशक्ति फ्रण्टका वरिष्ठ नेता तथा सदस्यहरूसहित संयोजक अजय एडवर्ड्सले स्वर्गीय मदन तामाङको १५ औं पुण्यतिथिमा श्रद्धासुमन अर्पण गरेका छन्। ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको युवा संगठनले आयोजना गरेको यो श्रद्धाञ्जली सभामा स्वर्गीय मदन तामाङलाई श्रध्दाञ्जली अर्पण गरियो। यस अवसरमा ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको संयोजक अजय एडवर्ड्ससहित अन्य नेतृत्वहरुले मदन तामाङलाई दार्जिलिङको क्लब साइडस्थित सालिगमा फूल अर्पण गरेर श्रध्दाञ्जली अर्पण गरे।

**चुनाउ बहिष्कार गर्ने चेताउनी**

मिरिकको सियोक अप्पर भष्मे देवीस्थानदेखि गुरूङ फाटकसम्मको सडक निर्माण नगरिए कुनै पनि चुनाउ बहिष्कार गर्ने चेताउनी स्थानीय मानिसहरूले दिएका छन्। स्थानीय अमित गुरूङ अनि केशर गुरूङले सियोक अप्पर भष्मे देविस्थानदेखि गुरूङ फाटकसम्म लगभग दुई किलोमिटर सडक निर्माणको लागि 31 जनवरी, 2023 मा नै शिलान्यास भए पनि हालसम्म सडक निर्माण नभएको गुनासो गर्दै शिलान्यासपछि सडकको कतिपय ठाउँहरूमा केवल सुरक्षा पर्खाल लगाउने कार्य मात्रै भयो तर सडक निर्माण भएन भनी बताएका छन्।
उहाँहरूले उक्त सडक सियोक गुरूङ गाउँ, अप्पर भष्मे, बीच गाउँ अनि प्रधान गाउँलाई मुख्य सडकसित जोड्ने रहे पनि सडक निर्माण हालसम्म नभएकोले स्थानीय मानिसहरूले यातायातमा धेरै समस्या झेल्न परिरहेको जानकारी गराउँदै हामी चुनाउमा भोट दिने मात्रै भयौँ भनी बताए। सडक निर्माण भएन भने हामी अब कुनै पनि चुनाउमा मतदान गर्दैनौं भनी बताएका छन्।

**कालेबुङमा बङ्ग्लादेशी पक्राउ**

कालेबुङ पुलिसले एक संदिग्ध बङ्ग्लादेशी व्यक्तिलाई पक्राउ गरेको छ। उक्त व्यक्तिको परिचय 38 वर्षीय मोहम्मद अब्दुल सत्तार मिलनको रूपमा गरिएको छ। उनी बङ्ग्लादेशको बेलकटा जिल्ला, रङ्पुर निवासी भएको पुष्टि भएको छ। पुलिसको प्रारम्भिक अनुसन्धान अनुसार, उनी अवैध रूपमा भारत प्रवेश गरी कालेबुङ क्षेत्रमा बसोबास गरिरहेका थिए। पक्राउपछि कालेबुङ पुलिस थानाद्वारा उनलाई सोधपुछ गरिएको छ। त्यसपछिको प्रक्रियामा मेडिकल परीक्षण गराइनेछ र उनलाई कालेबुङ कोर्टमा पेश गरिने बताइएको छ।
उनीविरुद्ध फोरेनर्स एक्ट अन्तर्गत कानुनी प्रक्रिया अगाडि बढाइनेछ। यसबारे थप अनुसन्धान जारी रहेको बताइएको छ।

**मैला फ्याँक्ने गाडी दुर्घटना**

खरसाङ नगरपालिकाको मैला फ्याँक्ने गाडी आज बिहान दुर्घटनाग्रस्त भएको छ। प्राप्त जानकारी अनुसार, खरसाङ बजारको पार्क लोकेशन सार्वजनिक भवन अघाडि फाँलिएको मैला उठाएर लिएर जाँदा खरसाङ नगरपालिका अधीनस्थ सुन्तले पाखा घाट नम्बर दुईमुन्तिर पुग्दा गाडीमा रहेको मैलाको लोडले गोलाई काट्दा काट्दै चिप्लेर सडक छोडी डिलतिर लडेको बताइएको छ।गाडी गएर धुप्पीको रूखले गर्दा ठूलो दुर्घटनाबाट बाँच्न सकेको जानकारी प्राप्त भएको छ। उक्त गाडीमा चालक लगायत दुईजना कर्मबन्धु थिए। याद रहोस्, खरसाङ नगरपालिकाको ट्रिटमेन्ट प्लान्ट खरसाङ शहरदेखि लगभग 7-8 किलोमिटर टाडामा छ। उक्त बाटो केही वर्ष अघि जीटीए प्रमुख कार्यपाल अनित थापाको निर्देशनमा मरमत्ति कार्य गरिएको थियो भने अहिले पानी परिरहेकाले र बगानको गाडी अन्य जग्गाको गाडी कुदाईले गर्दा बाटोको अवस्था त्यति राम्रो नरहेको बताइएको छ। साथै गोलाईहरू पनि अति साँघुरो रहेकाले चालकवर्गलाई गाडी कुदाउन धेरै कठिन पर्ने बताइएको छ।
उक्त घटनाको खबर पाउन साथ खरसाङ नगरपालिका सेन्ट्री इन्स्पेक्टर रमेश सुब्बा अनि खरसाङ नगरपालिकाको छोटाबाबु रबि प्रधान घटनास्थलमा पुगी घटना विषय खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङलाई जानकारी गराइएको र उनको निर्देशमा स्काईभेटर लिएर गाडी निकाल्न सकेको जानकारी प्राप्त भएको छ।